जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक ९२ २०७८ साल कात्तिक १६ गते मंगलबार (2 Nov. 2021 Tuesday) मूल्य रु. ५/-

**Log on :** *rajbirajdainik.com.np*

चाडपर्वको नाममा फजुल खर्च नगरौं
सँस्कृतिको संरक्षण र सम्बर्द्धन गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : एक हजार १३ किलोमिटर क्षेत्रम... ३ पृष्ठमा : रुसको सुरक्षा परिषद्का ... ३ पृष्ठमा :सुजाता कोइरालाद्वारा...

# राजनैतिक पार्टीहरुकै संरक्षणमा भ्रष्टाचार भइरहेको छ : डा. सिके राउत




**दैनिक समाचारदाता**
**राजविराज, १५ कात्तिक ।**

जनमत पार्टीका राष्ट्रिय अध्यक्ष डा. सिके राउतले मुलुकमा राजनैतिक पार्टीहरुकै संरक्षणमा भ्रष्टाचार भइरहेको आरोप लगाएका छन् ।

कांग्रेस, एमाले, माओवादी, जसपाले देशलाई चरम गरिवीको चपेटामा पार्दै उनीहरुकै संरक्षणमा भ्रष्टाचार मौलाएकोले यसलाई नियन्त्रण गर्नेतर्फ अग्रसर हुनुपर्नेमा जोड समेत दिएका छन् ।

सप्तरीको कञ्चनरुप नगरपालिका ३ स्थित बरमझियामा सोमबार जनमत पार्टी नगरसमिति कञ्चनरुपद्वारा आयोजित आमसभालाई सम्बोधन गर्दै उनले सो कुरामा जोड दिएका हुन् ।

उनले अब भ्रष्टाचारीलाई जनताबाटै जनकारबाही शुरु गरिसकेकोले यसमा सबैको सहयोग आवश्यक रहेकोले देशको विकास र सुशासनका लागि जनमत पार्टी

*बाँकी दुई पृष्ठमा*

# भन्सार छलि ल्याउँदै गरेको औषधीसहित दुई पक्राउ

**दैनिक समाचारदाता**
**सिरहा, १५ कात्तिक ।**

सिरहा प्रहरीले अवैध रुपमा भन्सार छली गरी नेपालतर्फ ल्याउदै गरेको अवैध औषधी सहित दुई जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा लहान नगरपालिका १ बस्ने २२ वर्षीय शत्रुधन राम र बरियारपट्टि गाउँपालिका वडा नं. ५ बस्ने १८ वर्षीय किशोर रहेका जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

लहान नगरपालिका १९ कटहा चोकमा भारतबाट अवैध रुपमा भन्सार छलि नेपाल तर्फ ल्याउँदै गरेको करिब ३ लाख ३९ हजार ८ सय ४० रुपैयाँ बराबरको २ सय २५ एमएलको १ हजार ६२ बोतल लाइकोटोन औषधि बरामद गरेको हो ।

प्रदेश २-०१-००१ ह ०६७३ नम्बरको टेम्पुलाई ईलाका प्रहरी कार्यालय लहानबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा उक्त औषधि सहित पक्राय गरेको हो ।

प्रहरीका अनुसार किशोरको साथबाट नगद ४३ हजार नेपाली रुपैयाँ र टेम्पु चालक शत्रुधनलाई ट्याम्पुसहित पक्राउ गरेको छ ।

पक्राउ परेका व्यक्ति र ट्याम्पु उपर आवश्यक अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

# पर्साले हात पार्‍यो एक लाखसहित मिथिला कप



**दैनिक समाचारदाता**
**राजविराज, १५ कात्तिक ।**

राजविराजमा संचालित सिजन ३ मिथिला कप क्रिकेट प्रतियोगिताको उपाधी पर्साले हात पारेको छ ।

सोमबार राजविराजस्थित महेन्द्र बिन्देश्वरी बहुमुखी क्याम्पसको खेल मैदानमा भएको फाइनल खेलमा घरेलु टोली छिन्नमस्ता स्पोर्टस क्लब बरहीविरपुर सप्तरीलाई ५९ रनले हराउँदै युनाइटेड क्रिकेट क्लब पर्साले उक्त उपाधी हात पारेको हो । उपाधीसँगै पर्साले नगद एक लाख पनि पाएको छ ।

टस हारेर ब्याटिङ गर्ने अवसर पाएको पर्साले निर्धारित २० ओभरको खेलमा ७ विकेट गुमाउँदै १ सय ६१ रन बनाएको थियो । पर्साका लागि सन्तोष कार्कीले सर्वाधिक ३९, सैफअली हवारीले ३३, नरेश गिरीले २७ र इमरान शेखले १८ रनको योगदान दिएका थिए । बलिङतर्फ सप्तरीका उपेन्द्र रायले ३, महबुब आलम र दिनेश अधिकारीले समान २/२ विकेट लिएका थिए ।

एक सय ६२ रनको बिजयी लक्ष्य लिएर जवाफि ब्याटिङमा उत्रेको सप्तरीले १८ दशमलव ५ ओभरमै १ सय २ रन मात्र बनाउन सफल भएको थियो । सप्तरीका लागि रोहन बिक सर्वाधिक ३५, हासिम अन्सारी १८, सेना अनसारी १७ र आदिल अनसारीले १३ रनको योगदान दिएका थिए ।

पर्साका लागि घातक बलिङ गर्दै राजा मंसुरीले ४ र अल्फाज मन्सुरीले ३ विकेट लिएका थिए । यस्तै नरेश गिरी र इमरान शेखले समान १/१ विकेट बाडेका थिए ।

फाइनल खेलको म्यान अफ दि म्याच राजा मन्सरी घोषित भए । यस्तै छिन्नमस्ता स्पोर्टस क्लब सप्तरीका आदिल अन्सारी म्यान अफ दि सिरिज घोषित भए । बेष्ट बलरमा रन्जितपुर राइडर्स सप्तरीका बिक्रान्त देव र बेष्ट ब्याट्सम्यानमा सोही टिमका पंकज देव घोषित भए ।

प्रतियोगिता समाप्तिपछि आयोजक यूवा शक्ति क्लब बिष्णुपुरका अध्यक्ष रबिन्द्र यादवको अध्यक्षतामा आयोजित पुरस्कार बितरण समारोहमा प्रमुख अतिथि प्रदेश २ का अर्थमन्त्री शैलेन्द्र प्रसाद साह, विष्णुपुर गाउँपालिकाका प्रमुख निलाम्बर यादव, राजविराज नगरपालिकाका प्रमुख शम्भु प्रसाद यादव, तिलाठी कोइलाडी गाउँपालिकाका अध्यक्ष सतिश कुमार सिंहले बिजेता उपबिजेता टिमलाई पुरस्कार बितरण गरेका थिए ।

मास्क लगाउनुहोस्
मैले लगाएको मास्कले
तपाईंको सुरक्षा गर्छ



तपाईंले लगाउनुभएको
मास्कले मेरो सुरक्षा
गर्छ

हामी सबैको साझेदारीले मात्र हामी एक अर्कालाई
बचाउन सक्छौं




अनुरोधकर्ता : राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

# सातवटै प्रदेशमा व्यायामशाला

काठमाडौँ, १५ कात्तिक (रासस)।

सरकारले खुला योग तथा व्यायामबाट स्वस्थ रहन सातवटै प्रदेशमा व्यायामशाला स्थापनाको तयारी गरेको छ। राष्ट्रिय आरोग्य दिवस तथा धन्वन्तरी जयन्तीका अवसरमा सोमबार यहाँ आयोजित कार्यक्रममा आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागका महानिर्देशक डा वासुदेव उपाध्यायले मानिसलाई योगाभ्यास तथा व्यायाम गर्न प्रोत्साहन गर्ने उद्देश्यले सातवटै प्रदेशका राजधानीमा व्यायामशाला स्थापना गर्ने तयारी गरिएको जानकारी दिनुभयो। मङ्गलबार देशैभरि 'मेरो स्वास्थ्य मेरो जिम्मेवारी ' भन्ने मुल नारासाथ आरोग्य दिवस तथा धन्वन्तरी जयन्ती मनाइँदै छ।

उहाँले बगैँचा र शान्त भएको ठाउँमा त्यस्ता व्यायामशाला बनाउने बताउनुभयो। व्यायामशालामा १५ वटा विभिन्न उपकरण राखिनेछ। ती उपकरणबाट सर्वसाधारणले बिहान वा बेलुका व्यायाम गर्न सक्ने उहाँको भनाइ रहेको थियो। अहिले विभागले कीर्तिपुर, बुढानिलकण्ठ र तिलोत्तमा नगरपालिकामा भने व्यायामशाला बनाइसकेको छ।

उहाँले सर्वसाधारणलाई आधुनिक चिकित्साभन्दा आयुर्वेदिक चिकित्सातर्फ आकर्षण गराउने सके जीवन स्वस्थ रहने बताउनुभयो। उहाँले आयुर्वेदिक चिकित्साबाट उपचार गर्दा मानिसमा पार्श्व प्रभाव पनि नहुने र मानिस स्वस्थ जीवन जीउने सिकाउने बताउनुभयो आहार, विहार र निद्रालाई नियन्त्रण गर्न सके स्वस्थ रहन सकिने उहाँको भनाइ छ।

उहाँले बिहान उठ्ने बित्तिकै अदुवा, मरिच र तुलसीको पात हालेर तातोपानीमा खाँदा शरिरलाई स्वस्थ राख्न सहयोग मिल्ने बताउनुभयो। आयुर्वेदिक चिकित्सा शाखाका प्रमुख डा मुनकर्ण थापाले नेपालमा अहिलेसम्म ३११ स्थानीय तहमा आयुर्वेद केन्द्र स्थापना गरिएको जानकारी दिनुभयो। उहाँले आयुर्वेदलाई सरकारले न्यून बजेट उपलब्ध गराएको हुनाले सबै स्थानीय तहमा आयुर्वेद केन्द्र स्थापना गर्न नसकिएको बताउनुभयो। उहाँले अहिले २१८ स्थानीय तहमा नागरिक आरोग्य केन्द्र स्थापना गरिएको र यसै वर्ष थप ८१ वटा स्थानीय तहमा आरोग्य केन्द्र स्थापना गर्ने जानकारी दिनुभयो।

### *राजनैतिक पार्टीहरुकै...*

स्थापना भएको उल्लेख पनि गरे।

उनले देशको विकास र समृद्धिमा प्रमुख बाधक भ्रष्टाचार नै रहेकोले देशको विकास र सुशासनका लागि विभिन्न निकायमा भइरहेको भ्रष्टाचार तत्काल रोक्नुपर्ने बताए।

कार्यक्रममा जनमत पार्टीका उपाध्यक्ष मो.अब्दुल खानले मधेसी जनताको अधिकार प्राप्त गर्न अगामी निर्वाचनमा जनमत पार्टीका उम्मेदवारलाई विजयी गराउन आग्रह गरे।

जनमत पाटी कंचनरुप नगर समितिका अध्यक्ष अनिल पंजियारको अध्यक्षतामा आयोजित कार्यक्रममा जिल्ला सह-सचिव शिवनन्दन मेहता, नेता ईन्द्रदेव कौडरिया, उमेश दास, मो. समिम शेख, बिशेश्वर मेहतालगायतले सम्बोधन गर्दै भ्रष्टाचारीहरुलाई जनकारवाही गर्ने चेतावनी दिए।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# एक हजार १३ किलोमिटर क्षेत्रमा अप्टिकल फाइबर जडान

काठमाडौँ, १५ कात्तिक (रासस)।

देशभर सूचना महामार्ग (अप्टिकल फाइबर व्याकबोन नेटवर्क) विस्तारको परियोजनाअन्तर्गत हालसम्म एक हजार १३ किलोमिटर क्षेत्रमा फाइबर जडान सम्पन्न भएको छ। नेपाल दूरसञ्चार प्राधिकरणले दुई वर्षभित्रमा महामार्ग विस्तार गरिसक्ने जनाउँदै सुरु गरेको योजनाअन्तर्गत असोज मसान्तसम्म ४६ दशमलव ५३ प्रतिशत मात्रै जडान सम्पन्न भएको छ।

पहिलो खण्डअन्तर्गत प्रदेश नं १, २ र बागमती प्रदेशमा फाइबर बिछ्याउने जिम्मा पाएको नेपाल टेलिकमले उक्त क्षेत्रमा फाइबर जडान सम्पन्न गरेको हो। सम्झौताअनुसार टेलिकमले तीन प्रदेशमा दुई हजार ८३ किलोमिटर फाइबर बिछ्याउनु पर्दछ। त्यसमध्ये टेलिकमले पाँच वर्षमा एक हजार १३ किलोमिटर फाइबर बिछ्याएको हो।

प्राधिकरणले मध्यपहाडी लोकमार्गको छ हजार २३५ किलोमिटर क्षेत्रमा फाइबर बिछ्याउने योजनालाई तीन खण्डमा विभाजन गरेर तीन छुट्टाछुट्टै कम्पनीलाई जिम्मा दिएको थियो। तीन खण्डमध्येमा एक खण्डमा विस्तारको काम भए पनि दुई खण्डको काम सुरु हुनै सकेको छैन। प्राधिकरणले पहिलो खण्डअन्तर्गत नेपाल टेलिकमसँग पूर्वी नेपालदेखि गोरखासम्म फाइबर बिछ्याउन विसं २०७३ असोज १२ गते दुई वर्षका सम्झौता गरेको थियो।

प्राधिकरणका प्रवक्ता सन्तोष पौडेल टेलिकमले २०७६ जेठ पहिलो सातादेखि अप्टिकल फाइबर बिछ्याउने काम सुरु गरेको बताउनुहन्छ। उहाँका अनुसार पहिलो खण्डअन्तर्गतका तीन प्रदेशमा टेलिकमले अप्टिकल फाइबर बिछ्याउन सामान खरिदलगायत काम गर्न पाँच कम्पनीलाई जिम्मा दिएको छ।

**दुई खण्डको काम सुरु भएन**

तीन खण्डको विभाजन गरिएको विस्तारअन्तर्गत दुई खण्डमा काम सुरु हुनै सकेको छैन। खण्ड-२ अन्तर्गत रहेको गण्डकी र लुम्बिनीप्रदेशअन्तर्गतका २१ जिल्लामा दुई हजार १६० किलोमिटर अप्टिकल फाइबर बिछ्याउने कामको सुरु नै हुनसकेको छैन। प्राधिकरणले युनाइटेट टेलिकम (युटिएल)लाई विस्तारको जिम्मा दिए पनि सर्वोच्च अदालतमा मुद्दा हुँदा उक्त क्षेत्रमा विस्तारको काम रोकिएको हो। दुई वर्षभित्र सक्नुपर्ने गरी प्राधिकरणले युटिएलसँग विसं २०७४ वैशाख २५ गते रु दुई अर्ब एक करोडमा सम्झौता गरेको थियो। तोकिएको अवधिमा काम सुरु नगरेको भन्दै प्राधिकरणले विसं २०७६ वैशाख २६ गते सम्झौता रद्द गरेपछि युटिएलले सर्वोच्च अदालतमा मुद्दा दर्ता गरेको थियो।

अदातलते वैशाख २९ गते युटिएलको पक्षमा फाइबर बिछ्याउने ठेक्का रद्द नगर्न अन्तरिम आदेश जारी गरेको थियो। प्राधिकरण उक्त आदेशविरुद्ध भ्याकेटमा गए पनि यसको अन्तिम निर्णय हुन नसक्दा फाइबर बिछ्याउने कार्यको सुरुआत नै हुनसकेको छैन।

कर्णाली र सुदूरपश्चिममा फाइबर बिछ्याउन स्मार्ट टेलिकमलाई जिम्मेवारी दिएता पनि काम सुरु गर्न नसकेको भन्दै प्राधिकरणले पुनः नेपाल टेलिकमलाई जिम्मा दिएको थियो। विसं २०७४ भदौ ३ गते दुई वर्षका लागि स्मार्टलाई जिम्मा दिए पनि प्राधिकरणले २०७६ कात्तिक ३ गते ठेक्का सम्झौता रद्द गरी २०७६ पुस १९ गते नेपाल टेलिकमसँग सम्झौता गरेको थियो।

टेलिकमले जिम्मा लिएको लामो समयपछि एक हजार ९९२ किलोमिटर क्षेत्रमा फाइबर बिछ्याउन सम्झौता सम्पन्न भएर आवश्यक उपकरण आयातको क्रममा रहेको जनाइएको छ। अप्टिकल फाइबर बिछ्याउन दूरसञ्चार प्राधिकरणले ग्रामीण दूरसञ्चार कोषको रु नौ अर्ब ८९ करोड १७ लाख बजेट छुट्याएको छ। प्राधिकरणले सुरु गरेको उक्त परियोजनाअन्तर्गत मध्यपहाडी लोकमार्गलाई आधार मानेर त्यसको समानान्तररूपमा जिल्ला सदरमुकाम र हरेक नगरपालिकासम्म फाइबर नेटवर्क विस्तार गर्नुपर्ने हुन्छ।

परियोजनाअन्तर्गत मध्यपहाडी लोकमार्गमा ९८ कोर, जिल्ला सदरमुकाम र मध्यपहाडी लोकमार्गलाई पूर्व-पश्चिम राजमार्गसँग जोड्ने सडकमा ४८ कोर तथा नगरपालिकासम्म २४ कोरको अप्टिकल फाइबर प्रयोग हुन्छ।

**६६५ स्थानीय तहमा पुग्यो इन्टरनेट**

देशैभर उच्च गतिको ब्रोडब्यान्ड इन्टरनेट पुर्‍याउने लक्ष्यसहित नेपाल दूरसञ्चार प्राधिकरणले अघि बढाएको परियोजनाअन्तर्गत असोज मसान्तसम्म ६६५ स्थानीय तहमा इन्टरनेट जडान सम्पन्न भएको छ। प्राधिकरणले ग्रामीण दूरसञ्चार विकास कोषको रकम प्रयोग गरी ब्रोडब्याण्ड इन्टरनेट सेवा उपलब्ध गराउनेसम्बन्धी परियोजनालाई १८ प्याकेज बनाएर सञ्चालन गरेको छ। उक्त प्याकेजअन्तर्गत असोज मसान्तसम्ममा ९४ दशमलव ७३ प्रतिशत स्थानमा उच्चगतिको इन्टरनेट जडान सम्पन्न भएको प्राधिकरणले जनाएको हो।

प्राधिकरणको तथ्याङ्कानुसार १८ प्याकेजमध्ये १६ प्याकेजमार्फत ६५ जिल्लाका तोकिएका स्थानमा १०० प्रतिशत इन्टरनेट जडान सम्पन्न भएको छ। यस्तै एउटा प्याकेजअन्तर्गत पाँच जिल्लामा ५० प्रतिशतभन्दा बढी जडान सम्पन्न भएको छ। यस्तै चार जिल्लाका तोकिएबमोजिमका स्थानमा ३० प्रतिशतभन्दा बढी ब्रोण्डब्याण्ड इन्टरनेट जडान सम्पन्न भएको प्राधिकरणका प्रवक्ता सन्तोष पौडेलले जानकारी दिनुभयो। उहाँका अनुसार १८ प्याकेजका १५ हजार ९८२ स्थानमध्येमा हालसम्म १५ हजार २१० स्थानमा इन्टरनेट जडान सम्पन्न भएको छ भने ७७२ स्थानमा इन्टरनेट जडान बाँकी छ।

प्राधिकरणको तथ्याङ्कानुसार

*बाँकी अन्तिम पृष्ठमा*

## विश्व समाचार

### रुसको सुरक्षा परिषद्का उपाध्यक्षद्वारा खाद्य संकटको चेतावनी

मस्को, रूस, कात्तिक १५ (रासस-एएनआई/स्पुतनिक)।

रूसी सुरक्षा परिषद्का उपाध्यक्ष दिमित्री मेदवेदेवले विश्वव्यापी खाद्य संकटको चेतावनी दिँदै विश्व अर्थतन्त्रमा मन्दीलाई जिल्को लागि कसैले पनि सही भविष्यवाणी गर्न नसक्ने बताउँनु भएको छ।

"यो स्पष्ट छ कि विश्व खाद्य संकट आउँदैछ। खाद्यान्नको मूल्य जताततै बढिरहेको छ, खाद्य मुद्रास्फीति तीव्र गतिमा छ," मेदवेदेवले रोसीस्कायाद्वारा प्रकाशित लेखमा उल्लेख गर्नुभएको छ। उहाँले विश्व अर्थतन्त्र सन् २००८-२००९ को आर्थिक संकटको तुलनामा निकै गम्भीर मन्दीबाट गुज्रिरहेको कुरामा जोड दिनुभएको छ। विदेशी व्यापारको पुनः शुरु हुने दरमा धेरै कुरा निर्भर हुनेछ, विशेष गरी सेवाहरूको निर्यात-आयातको सन्दर्भमा त्यसैले अब कसैले पनि सही पूर्वानुमान नसक्ने मेदवेदेवको टिप्पणी छ।

रुसी सुरक्षा परिषद्का उपाध्यक्षले खोप र नयाँ भाइरसको उदय जस्ता गैर-आर्थिक कारकहरूले हाल विश्वको आर्थिक अवस्थालाई असर गरिरहेको पनि उल्लेख गर्नु भएको छ।

### काबुलमा सुरक्षाकर्मीद्वारा चोरी गर्ने गिरोह सार्वजनिक

काबुल, कात्तिक १५ (रासस-सिन्ह्वा)।

अफगानिस्तानको तालिबान सरकारका गुप्तचर कर्मचारीहरूले देशको राजधानी काबुलमा दुई सशस्त्र चोरी समूहलाई सार्वजनिक गरेको गुप्तचर महानिर्देशनालयले सोमबार जनाएको छ।

"गुप्तचर महानिर्देशनालयका कर्मचारीहरूले काबुलको प्रहरी जिल्ला ९, पक्तिया कोट क्षेत्रमा दुईवटा चोरी समूहलाई पक्राउ गरेका थिए। ती समूहहरू सशस्त्र डकैती र सवारी साधनहरू लुट्न संलग्न रहेको जनाइएको छ।

विज्ञप्तिमा जनाइएअनुसार सुरक्षाकर्मीहरूले चार संदिग्ध व्यक्तिहरूबाट पाँचवटा ह्यान्डगन र दुईवटा गाडीहरू पनि बरामद गरेका छन्। सुरक्षा बलले ती समूहलाई गिरफ्तार गर्दा कुनै हतियार भने चलाएको थिएन। यो अपरेशन शहरमा उच्च स्तरको सुरक्षा सुनिश्चितताका निम्ति अपनाइएको महत्त्वपूर्ण कदम हो।

### जापानमा सत्तारुढ गठबन्धनलाई स्पष्ट बहुमत

टोकियो, १५ कात्तिक (रासस/सिन्ह्वा)।

जापानको सत्तारुढ लिबरल डेमोक्र्याटिक पार्टी (एलडीपी) र यस दलको निर्वाचन सहयोगी कोमेइतोको गठबन्धनलाई प्रतिनिधि सभामा स्पष्ट बहुमत प्राप्त भएको छ। जापानमा आइतबार सम्पन्न भएको आम निर्वाचनमा प्रधानमन्त्री फुमियो किशिदाको सत्तारुढ गठबन्धनले संसदको तल्लो सदनमा बहुमत हासिल गरेको हो। सोमबार बिहान सार्वजनिक नतिजामा प्रधानमन्त्री फुमियो किशिदाको पार्टी एलडिपी र कोमेइतो सम्मिलित गठबन्धनले बहुमत हासिल गरेको बताइएको छ।

सोमबार बिहान सार्वजनिक सो नतिजामा उक्त गठबन्धनले २६१ स्थानमा जित हासिल गरेको छ। संसदको तल्लो सदनमा ४६५ स्थान रहेका छन्। प्रधानमन्त्री किशिदाको राजनीतिक पार्टी एलडिपीसँग सहकार्य गरेको कोमेइतोले भने ३२ स्थानमा जित हासिल गरेको जापानी सञ्चारमाध्यमहरुले जनाएका छन्। सरकारले कोभिड-१९ को नियन्त्रणमा गरेका कार्य र आय असमानतासँग असन्तुष्ट मतदाताहरूका कारण यस गठबन्धनले स्पष्ट जित गर्न नसक्ने बताइएको थियो।

एलडीपीले यसअघि प्रतिनिधि सभामा रहेको २७६ सिटमा केही सिट भने गुमाएको छ। जापानी प्रधानमन्त्री फुमियो किशिदाले तल्लो सदनमा एलडीपी-कोमेइतो गठबन्धनले बहुमत कायम राखेको खण्डमा आफूले जितको दावी गर्दै सरकार निर्माणका लागि पहल गर्ने बताउनुभएको थियो।

# कांग्रेसको महाधिवेशन अब हेरफेर हुदैन : रामचन्द्र पौडेल

धनुषा, १५ कात्तिक (रासस)।

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले पछिल्लो पटक पार्टी महाधिवेशनको सार्वजनिक गरिएको समयतालिका नै अन्तिम रहेको बताउनुभएको छ।

नेपाल प्रेस युनियन धनुषाले सोमबार जनकपुरधाममा आयोजना गरेको पत्रकार सम्मेलनमा नेता पौडेलले यसपटक तोकिएकै मितिमा पार्टी महाधिवेशन हुने र अब महाधिवेशन कार्यतालिका कुनै पनि हालतमा हेरफेर नहुने बताउनुभयो। उहाँले भन्नुभयो, "यसपटक तोकिएको महाधिवेशन तालिकामा कुनै किसिमको फेरबदल हुँदैन। मङ्सिर २४ देखि २६ मै महाधिवेशन हुन्छ।" कांग्रेसमाथि जनताको भरोसा बढेको उल्लेख गर्दै उहाँले कांग्रेसलाई जनताको थप भरोसाको केन्द्र बनाउन तथा प्रजातन्त्रको दह्रिलो संवाहक बनाउन आफू लागि परेको बताउनुभयो।

वरिष्ठ नेता पौडेलले पार्टी सभापतिमा मधेसी समुदायबाट बने पनि फरक नपर्ने बताउँदै भन्नुभयो, "पार्टीको सभापतिमा टीका लगाएर दिने कुरा आउँदैन, सभापतिमा मधेसबाट नै बने फरक पर्दैन तर यसको निर्णय कार्यकर्ताका छोड्नुपर्दछ।"

# भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि. शाखा कल्याणपुर, सप्तरीको २१ दिने सूचना

मिति : २०७८/०७/१६

यस बैंकको तपसिलका कार्यालयहरुबाट तपसिल बमोजिमका व्यक्तिहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिईहालसम्म कर्जा नबुझाई भाखा नाघी र ब्याज बाँकी भई निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धीत कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्वन्धीत कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखीत मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा बित्तिय संस्था सम्बन्धीत ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली विनियमावली तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्रि वा अन्य व्यवस्था तथा कालो सूचीमा समावेश गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरिने व्यहोरा समेत जानकारी गराउँदछौं । साथै तपशिल बमोजिमका व्यक्तिहरुलाई बैंकबाट कर्जा लिन मञ्जुरीनामा दिनेहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराइएको छ ।

| क्र.सं | कर्जाग्राहीको नाम थर | ठेगाना | उदेश्य | बुवा | बाजे/पति | साँवा | ब्याज बांकी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्रीमति चुलिया देवी थरुनी | सूरुगा न.पा. १, पिप्रा | घरायसी कर्जा | मोहित लाल चौधरी | उचित लाल चौधरी | ८००००० | ३५४२१ | ८३५४२१ |
| २ | श्रीमति चुलिया देवी थरुनी | सूरुगा न.पा. १, पिप्रा | | मोहित लाल चौधरी | उचित लाल चौधरी | २००००० | ९८९२ | २०९८९२ |
| ३ | उपेन्द्र प्रसाद चौधरी | सूरुगा न.पा. १, पिप्रा | सरल कृषि कर्जा | शिवशंकर चौधरी | दरोगी चौधरी | ५००००० | २२००२ | ५२२००२ |
| ४ | नविन कोल्ड सेण्टर (प्रो. सवुर लाल सरदार) | शम्भुनाथ ३, ट्राफिक चौक | ब्यपार कर्जा | अवधलाल सरदार | बछु लाल सरदार | ८००००० | १९७१८ | ८१९७१८ |
| ५ | जय माता जी जेनरल स्टोर(प्रो. जगरनाथ झा) | सुरुंगा ३, लक्ष्मीपुर | ब्यपार कर्जा | मुखदेव झा | जगधर झा | १५००००० | ४७६१९ | १५४७६१९ |
| ६ | संजय जनरल स्टोर (प्रो.संजय कुमार चौधरी) | खडक न.पा. ५, खडचुहिया) | ब्यपार कर्जा | चन्देश्वर चौधरी | वनारसी चौधरी | १०००००० | २७००० | १०२७००० |
| ७ | नारायण प्रसाद साह | सुरुंगा १०, पटेर्वा | घरायसी कर्जा | नथर साह | सीताराम साह | ४००००० | १५१०० | ४१५१०० |
| ८ | देवराज चौधरी | शम्भुनाथ ७, भगवतपुर | व्यापार कर्जा | सवुर लाल चौधरी | मुनर लाल चौधरी | ५००००० | ८२०० | ५०८२०० |
| ९ | समृद्धि कृषि तथा बाख्रापालन फर्म (प्रो.दिलिप कुमार चौधरी) | सुरुङगा न.पा. ४,मधुपटी | बाख्रापालन कर्जा | नन्द लाल चौधरी | कारी चौधरी | ७००००० | २३५०० | ७२३५०० |
| १० | सकिल जनरल स्टोर (प्रो.सकिल अहमद) | खडक ७, सारस्वर | व्यापार कर्जा | मो.इदरिश हुसेन | नुराइ मिया | २०००००० | ५२००० | २०५२००० |
| ११ | जालो कुजर्नी | खडक न.पा. ३, वनरझुला | सरलकृषि कर्जा | मो.बिलट मिया | मो. मुस्तकिम मिया | १०००००० | १७५०० | १०१७५०० |
| १२ | कृष्ण प्रसाद साह | सुरुंगा न.पा. १०, पटेर्वा | सरल कृषि कर्जा | बुधन साह | सुखी साह | १०००००० | २३५०० | १०२३५०० |
| १३ | पार्वती देवी चौधरी | शम्भूनाथ न.पा.३, नरही | सरल कृषि कर्जा | महिकर चौधरी | महेश प्रसाद चौधरी | ४५०००० | ११००० | ४६१००० |
| १४ | मनोज कुमार रसाइली | सुरुंगा ४, कनकपुर | सरल कृषि कर्जा | रुद्र वहादुर वि.क. | फौद सिंह विश्वकर्मा | ६००००० | १३५०० | ६१३५०० |
| १५ | भागवत मंडल | सुरुङगा न.पा. ४, कदमाहा चौर्क | घरायसी कर्जा | फेकु मंडल | बुधु मंडल | ३२८००० | ९००० | ३३७००० |
| १६ | मुक्ति लाल चौधरी | सुरुंगा ७, हरिपुर | सरल कृषि कर्जा | खुशी लाल चौधरी | ढोढन चौधरी | १०००००० | २४१०० | १०२४१०० |
| १७ | हजरत मिया | खडक न.पा. ३, वनरझुला | सरल कृषि कर्जा | वरकत मिया | | १०००००० | २७५०० | १०२७५०० |
| १८ | जैनुदिन मिया | खडक न.पा. ७, कल्याणपुर वजार | सरल कृषि कर्जा | अजिमुदिन मिया | अवदुल मिया | १६६८००० | २९००० | १६९७००० |
| १९ | रामवति थरुनी | खडक न.पा. ७, कल्याणपुर | घरायसी कर्जा | मुखी चौधरी | सुदी लाल चौधरी | २००००० | ६५०० | २०६५०० |
| २० | सवुर लाल यादव | सुरुंगा ७, चकदह | घरायसी कर्जा | धनीया यादव | विकु यादव | १०००००० | २६००० | १०२६००० |
| २१ | युनुस मिया कुजरा | शम्भुनाथ ८, वैरयाही | घरायसी कर्जा | रसुल मिया | भौलोटन मिया | ३००००० | ७१०० | ३०७१०० |
| २२ | वर्षा कुमारी | खडक न.पा.८, विसनपुर | घरायसी कर्जा | गजेन्द्र राय यादव | नन्दकिशोर यादव | ७५०००० | २२००० | ७७२००० |
| २३ | सूर्य चौधरी थारु | सुरुंगा ५, कुशहा | सरलकृषि कर्जा | वहादुर चौधरी | कमल दास चौधरी | १०००००० | २६५०० | १०२६५०० |
| २४ | चन्देश्वर प्रसाद पैकरा | शम्भुनाथ ४, नरैया | घरायसी कर्जा | दिरिक लाल पैकरा | छिछरी पैकरा | ३००००० | ९००० | ३०९००० |
| २५ | राजो देवी थरुनी | खडक ५, रंजितपुर | घरायसी कर्जा | खुशी लाल चौधरी | ललकू चौधरी | १५०००० | ४५०० | १५४५०० |
| २६ | गणेश कुमार चौधरी | शम्भुनाथ ६, ट्राफिक चोक | घरायसी कर्जा | बुधु चौधरी | सुनर लाल चौधरी | ११८०००० | ३३५०० | १२१३५०० |
| २७ | सुगा देवी | शम्भुनाथ ४, नरैया (राजविराज) | घरायसी कर्जा | रवि चौधरी | कुन्जी लाल चौधरी | ६००००० | १९००० | ६१९००० |
| २८ | मो. सफि रहमान | खडक न.पा. ३, वनरझुला | सरलकृषि कर्जा | सोहानी मिया | दुखी मिया | १०००००० | २९५०० | १०२९५०० |
| २९ | नन्दी लाल चौधरी | शम्भुनाथ ३ नरही | घरायसी कर्जा | रवि लाल चौधरी | धनी लाल चौधरी | ३२५००० | ८००० | ३३३००० |
| ३० | भोलवी यादवनी | सुरुंगा न.पा. १०, सिस्वा | घरायसी कर्जा | रवि लाल यादव | धनिराम यादव | ९७५००० | २५५०० | १०००५०० |

**कृषि विकास बैंक लि.**
**शाखा कार्यालय, कल्याणपुर, सप्तरी**

# सुजाता कोइरालाद्वारा सभापतिमा उम्मेदवारी घोषणा

मोरङ, १५ कात्तिक (रासस)।

नेपाली कांग्रेसकी केन्द्रीय सदस्य एवं पूर्व उपप्रधानमन्त्री सुजाता कोइरालाले पार्टीको आगामी १४औँ महाधिवेशनमा सभापति पदमा उम्मेदवारी दिने घोषणा गर्नुभएको छ।

विराटनगर विमानस्थलमा सोमबार सञ्चारकर्मीसँग संक्षिप्त कुराकानी गर्दै उहाँले स्व गिरिजाप्रसाद कोइरालाले मोरङमा नयाँ घोषणा गर्नुहुने कार्यलाई निरन्तरता दिँदै कार्यकर्ताको महिला सभापति हुनुपर्ने माग एवं चाहनालाई ध्यानमा राखी सभापतिमा उम्मेदवारी दिनका लागि आफू पूर्वी नेपालको भ्रमणमा आएको जानकारी दिनुभयो। मुलुकको वर्तमान राजनीतिक अवस्थाका कारण 'अर्ली इलेक्सन'को सम्भावना बढ्दै गएको कोइरालाले बताउनुभयो।

"लोकतन्त्रमा जनताको आस्था र विश्वासको केन्द्रको रुपमा रहेको अदालत सधैँ स्वतन्त्र र निष्पक्ष हुनुपर्छ", उहाँले भन्नुभयो। उहाँले मलुकका सबै संवैधानिक अङ्गले निष्पक्ष ढङ्गले कार्य गर्नुपर्नेमा जोड दिनुभयो। केन्द्रीय सदस्य कोइरालाले सत्तासिन गठबन्धन दलसँग सिद्धान्त र विचार नमिल्ने हुनाले कोहीसँग पनि कांग्रेसले आगामी निर्वाचनमा तालमेल गर्नुहुँदैन भन्नुभयो। उहाँले वर्तमान गठबन्धनमा सहभागी राजनीतिक दलले लोकतन्त्रको संरक्षणका लागि महत्वपूर्ण भूमिका खेल्नुपर्ने आवश्यक्ता औंल्याउनुभयो।

# सरकार धार्मिक र सामाजिक सद्भावको पक्षमा

काठमाडौँ, १५ कात्तिक (रासस)।

गृहमन्त्री बालकृष्ण खाँणले सरकार धार्मिक र सामाजिक सद्भावको पक्षमा रहेको बताउनुभएको छ। विश्व ॐकार महासङ्घको ज्ञापनपत्र बुझ्दै प्रधानमन्त्रीको कार्यभार सम्हाल्नुभएका उहाँले सरकार सामाजिक विभेद नहोस् भन्ने पक्षमा रहेको बताउनुभएको हो।

"हामी धार्मिक र सामाजिक सद्भावको पक्षमा छौँ, सरकार कतै पनि सामाजिक विभेद नहोस् भन्ने पक्षमा छ", गृहमन्त्री खाँणले भन्नुभयो। सबैले समान रूपमा आफ्नो धर्म मान्न पाउनुपर्नेमा जोड दिँदै उहाँले वर्गीय र जातीय रूपमा विभेद भए सामाजिक सद्भाव खल्बलिने पनि बताउनुभयो।

महासङ्घका तर्फबाट अध्यक्ष प्रेमलाल महर्जन, पण्डित दीनबन्धु पोखरेललगायतले सोमबार गृहमन्त्री खाँणलाई ज्ञापनपत्र बुझाउनुभएको थियो। चितवनको भरतपुर महानगरपालिका-४ मा ५८ वर्षीय भीमबहादुर विश्वकर्माको कुटपिटबाट मृत्यु भएको विषयमा केही व्यक्तिले दुर्गा मन्दिरलाई जोडेर जातीय विभेद र छुवाछूतको कारणले हत्या भएको भन्ने गलत र भ्रामक कुरा बाहिर ल्याएर जातीय द्वन्द्व मच्चाउन लागेको भन्ने आरोप लगाएकाले महासङ्घको ध्यानाकर्षण भएको उल्लेख गरिएको थियो।

ज्ञापनपत्रमा महासङ्घको सक्रियता तथा नवदुर्गा मन्दिर व्यवस्थापन समितिको संयोजनमा कात्तिक ११ गते सर्वजातीय पूजा आयोजना गरी दलित तथा गैरदलितको उल्लेख्य सहभागिता गराएर सामाजिक सन्देश दिन सफल भएको पनि उल्लेख गरिएको थियो।

## एक हजार १३ ...

७०२ स्थानीय निकायमध्येमा असोज मसान्तसम्म ६६५ स्थानमा इन्टरनेट जडान सम्पन्न भएको छ भने ३७ स्थानीय तहमा जडान भइरहेको छ। यसैगरी पाँच हजार ९३३ वडा कार्यालयमध्येमा हालसम्म पाँच हजार ६०० स्थान, पाँच हजार २२५ माध्यमिक विद्यालयमध्येमा हालसम्म चार हजार ९४६ स्थान र चार हजार १२२ स्वास्थ्य संस्थामध्येमा हालसम्म तीन हजार ९८२ स्थानमा इन्टरनेट जडान सम्पन्न भएको छ।

कूल रु पाँच अर्ब ६७ करोड ४६ लाख ९१ हजार रकममध्येमा हालसम्म रु तीन अर्ब ८९ करोड ७० लाख रकम ब्रोडब्याण्ड परियोजनाका लागि सेवा प्रदायकलाई भुक्तानी गरिएको प्रवक्ता पौडेलले जानकारी दिनुभयो। उहाँका अनुसार उक्त परियोजनाअन्तर्गत देशभरका नगरपालिका, गाउँपालिका, वडा कार्यालय, शैक्षिक संस्था तथा स्वास्थ्य संस्थामा निःशुल्क ब्रोडव्याण्ड इन्टरनेट सेवा उपलब्ध गराउन लागिएको हो। प्राधिकरणले ग्रामीण दूरसञ्चार कोषअन्तर्गत ब्रोडब्याण्ड इन्टरनेट विस्तार परियोजनामा काठमाडौँ उपत्यकाका तीन जिल्ला काठमाडौँ, ललितपुर र भक्तपुरलाई भने समेटेको छैन।

**११० प्रतिशत जनताको पहुँचमा इन्टरनेट**

नेपालमा ११० प्रतिशत जनसङ्ख्याको पहुँचमा इन्टरनेट सेवाको पहुँच पुगेको पाइएको छ। नेपाल दूरसञ्चार प्राधिकरणले सार्वजनिक गरेको पछिल्लो एमआइएस प्रतिवेदनअनुसार भदौसम्ममा नेपालका ११० दशमलव ६८ प्रतिशत जनताको पहुँचमा इन्टरनेट सेवा पुगेको हो।

प्राधिकरणले जनसङ्ख्या प्रक्षेपण (२०११-२०३०) लाई आधार मानेर प्रतिवेदन तयार पारेको हो। प्रतिवेदनमा प्राधिकरणले नेपालको कूल जनसङ्ख्या दुई करोड ९८ लाख ७६ हजार ५३१ लाई आधार बनाएको छ। प्राधिकरणको तथ्याङ्कानुसार भदौ महिनासम्म तीन करोड ३४ लाख ५८ हजार ९०८ जनाको पहुँचमा इन्टरनेट सेवा पुगेको छ। गत साउन महिनामा तीन करोड २१ लाख ९६ हजार १८७ जनाको पहुँचमा इन्टरनेट सेवा पुगेको थियो।

उक्त तथ्याङ्कानुसार सबैभन्दा धेरै योगदान मोबाइल इन्टरनेटको रहेको छ। भदौसम्म मोबाइल इन्टरनेटको हिस्सा ८२ दशमलव ५५ प्रतिशत छ। एक करोड २६ लाख ४८ हजार बढीको पहुँचमा थ्रिजी इन्टरनेट पुगेको छ। त्यसमा सबैभन्दा धेरै नेपाल टेलिकमको एक करोड दुई लाख र एनसेलको २४ लाख ३५ हजार रहेको जनाइएको छ। फिक्स ब्रोडब्याण्डको हिस्सा २७ दशमलव ४४ प्रतिशत रहेको छ। यसमा एडिएसएलका छ लाख ६१ हजार र एफटिटीएच इन्टरनेट ७६ लाख ३१ हजार बढी रहेका छन्।

**बढ्दै फोरजी प्रयोगकर्ता**

पछिल्लो समय नेपालमा फोरजीका प्रयोगकर्ता बढ्दै गएका छन्। प्राधिकणले सार्वजनिक गरेको तथ्याङ्कानुसार गत साउन महिनाको तुलनामा भदौ महिनामा ११ लाख ३६ हजार बढी फोरजीका प्रयोगकर्ता थपिएका हुन्। भदौ महिनासम्ममा नेपालमा फोरजीका प्रयोगकर्ता एक करोड २१ लाख ७० हजार बढी छन्। नेपालमा सरकारी स्वामित्वमा सञ्चालित नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम), एनसेल र स्मार्ट टेलिकम गरी तीन दूरसञ्चार सेवा प्रदायक कम्पनीले फोरजी सेवा सञ्चालन गरेका छन्। तीन कम्पनीमध्ये सबैभन्दा धेरै प्रयोगकर्ता नेपाल टेलिकमका छन्। भदौ महिनासम्म टेलिकमको फोरजी ग्राहक सङ्ख्या ६२ लाख ६८ हजार ३९ पुगेको छ। साउनमा टेलिकमसँग ५३ लाख ४० हजार ३५३ फोरजी ग्राहक थिए।

यस्तै भदौ मसान्तसम्म एनसेलका फोरजी प्रयोगकर्ता ५७ लाख २५ हजार ७८० पुगेका छन्। गत साउनमा एनसेलको फोरजी प्रयोगकर्ता ५५ लाख ११ हजार ३८६ थिए। प्राधिकरणको तथ्याङ्कानुसार भदौमा टेलिकमका फोरजी ग्राहक सङ्ख्या एनसेलको भन्दा पाँच लाख ४२ हजार बढेको छ। नेपाल टेलिकम र एनसेलमा फोरजीका प्रयोगकर्ता थपिए पनि स्मार्ट टेलिकमका प्रयोगकर्ता घटेका छन्। गत साउनसम्म एक लाख ८२ हजार ६१५ प्रयोगकर्ता रहेकामा भदौ महिनामा घटेर एक लाख ७६ हजार ६८६ पुगेको छ।

# नेपालबाट विदेशका विश्वविद्यालयहरूमा भर्ना हुनेमा ३६ प्रतिशत वृद्धि

**दैनिक समाचारदाता**
**काठमाडौँ, १५ कात्तिक।**

विश्वभरका सीमानाहरू पुनः खुल्न थालेसँगै अन्तर्राष्ट्रिय विश्वविद्यालय तथा कलेजहरूमा नेपालबाट विद्यार्थी भर्ना हुने क्रम उल्लेख्यनीय रूपमा बढेको छ।

प्रमुख अन्तर्राष्ट्रिय शिक्षा प्रदायक स्टडी ग्रुपले सन् २०२० यता ३६% विद्यार्थी भर्ना वृद्धि भएको जनाएको छ। अष्ट्रेलिया विद्यार्थीहरुको मनपर्ने गन्तव्यको सूचीमा शीर्ष स्थानमा रहेको छ भने अमेरिका, बेलायत र युरोप पनि यस सूचीमा सामिल रहेका छन्।

विदेशमा गएर अध्ययन गर्नु नेपालका धेरै विद्यार्थीहरूका लागि आकांक्षा हो जसले अन्तर्राष्ट्रिय जीवनशैलीको अनुभव गर्न मन पराउँछन्, आफ्नो पाठ्यक्रम पूरा गरेपछि रोजगारीको लागि विशाल अवसरहरू खोज्दछन् र जो विदेशमा बस्न इच्छुक रहेका छन्। वास्तवमा, गत वर्षदेखि, ५५% नेपाली विद्यार्थीहरूले उत्तर अमेरिकाका आफ्नो मनपर्ने विश्वविद्यालयहरूमा आवेदन दिए। त्यसैगरि ४५% विद्यार्थीहरु बेलायतका विश्वविद्यालयहरूमा भर्ना भएर १०% विद्यार्थीले अष्ट्रेलियालाई आफ्नो मनपर्ने गन्तव्यको रूपमा रोजेका छन्। यी विद्यार्थीमध्य अधिकांश नेपालका बाग्मती, गण्डकी र लुम्बिनी क्षेत्रका रहेका छन्।

अग्रणी अन्तर्राष्ट्रिय शिक्षा प्रदायक स्टडी ग्रुपका दक्षिण एसियाका क्षेत्रीय निर्देशक श्रीनी बन्दाराले भन्ने, "विदेशका विश्वविद्यालयहरूमा आवेदन दिने नेपाली विद्यार्थीहरूको संख्यामा यस्तो उल्लेख्यनीय वृद्धि भएको देख्न पाउँदा हामी अत्यन्तै खुसी छौँ। उनीहरू उत्तर अमेरिका, बेलायत र अष्ट्रेलिया जस्ता देशहरूमा मुख्यतया आफ्नो शैक्षिक उत्कृष्टता हासिल गर्न, पार्ट टाइम जागिरका अवसरहरू खोज्न र स्नातकोत्तर कार्य अनुभवको लागि आकर्षित हुन्छन्।"

नर्सिङ, जनस्वास्थ्य, बिजिनेश एड्मिनिस्ट्रेसन, इन्जिनियरिङ व्यवस्थापन, लेखा, सूचना प्रविधि, डाटा विज्ञान, प्रारम्भिक बाल्यकाल शिक्षा, शहरी योजना र इन्जिनियरिङलगायतका अध्ययन कार्यक्रमहरू नेपाली विद्यार्थीहरूमाझ सबैभन्दा लोकप्रिय विषय रहेको छ।

# दुई लाख मात्रा खोप माल्दिभ्सबाट आइपुग्यो

काठमाडौँ, १५ कात्तिक (रासस)।

माल्दिभ्सबाट कोरोना भाइरसविरुद्धको खोप एस्ट्राजेनिका नेपाल आइपुगेको छ। माल्दिभ्स सरकारले नेपाललाई अनुदानमा उपलब्ध गराएको दुई लाख एक हजार ६०० मात्रा खोप गए राति काठमाडौँ आइपुगेको हो।

स्वास्थ्य सेवा विभाग परिवार कल्याण महाशाखाका बाल स्वास्थ्य तथा खोप शाखा प्रमुख सागर दाहालका अनुसार ती खोपलाई अहिले टेकुस्थित विभागको खोप भण्डारण कक्षमा राखिएको छ। उहाँले खोप लगाउन बाँकीलाई उक्त खोप लगाइने बताउनुभयो। नेपालमा अहिलेसम्म ८६ लाख ६८ हजार ५९२ जनालाई पहिलो मात्रा र ७१ लाख ८९ हजार ६८९ जनालाई पूर्ण मात्राको खोप लगाइसकेको छ।

# धान खेतमा यूवक मृत फेला

**दैनिक समाचारदाता**
**सिरहा, १५ कात्तिक।**

सिरहामा एक युवक धानखेतमा मृत फेला परेका छन्।

जिल्लाको सुखिपुर नगरपालिका ४ दहिपौडीको नहरदेखि दक्षिण धान खेतमा छिमेकी पालिका औरहीका गाउँ पालिका ४ का २५वर्षिय सचिन यादव मृत फेला परेका हुन्।

स्थानीयले शव देखेपछि प्रहरीलाई खबर गरेको थियो। औरहीबाट कसरी उनी त्यहाँ पुगेको कुरा नखुलेको तथा घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

राष्ट्रिय जनगणना २०७८
मेरो गणना-मेरो सहभागिता

आगामी कात्तिक २५ गतेदेखि मंसिर ९ गतेसम्म जनगणना गर्न सबैको घरमा गणकहरु आउदै हुनुहुन्छ । जनगणनाको पहिलो चरणको सुचीकरण अभियानमा समावेश भएका वा छुटेका सबै परिवारले गणकहरुलाई आ-आफ्नो विवरण लेखाऔं।

जनगणनाबाट प्राप्त तथ्याङ्कले संविधानमा व्यवस्था भएका मौलिक हक अधिकार कार्यान्वयनको मूल्यांकन गर्न र लोककल्याणकारी कार्यक्रम सञ्चालन गर्न मद्दत पुग्दछ।

गणना गर्ने अवधिः कात्तिक २५ गतेदेखि मंसिर ९ गतेसम्म

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*